Unilever

UNILEVER NEPAL LIMITED

# युनिलिभर नेपाल लिमिटेडको २७औं वार्षिक साधारणसभाको सूचना

**आदरणीय शेयरधनी महानुभावहरू,**

विश्वव्यापी महामारी कोरोनालाई मध्यनजर गर्दै युनिलिभर नेपाल लिमिटेडको २७ औं वार्षिक साधारण सभा २०७७ साल मंसिर १६ गते (तदनुसार डिसेम्बर १, २०२०) समय अपरान्ह ३:४५ बजे अभौतिक माध्यम अर्थात भिडियो कन्फ्रेन्सिङ्गको (लाइभ-स्ट्रिमिङ्ग) माध्यमबाट तपशील बमोजिम कार्य गर्ने गरी बस्ने भएको हुँदा सबै शेयरधनी महानुभावहरुलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ। उक्त सभामा निम्न बमोजिमको व्यवसायिक विषयहरुको छलफल तथा रितपूर्वक निर्णय गरिनेछ। साधारण सभाको स्थान कम्पनीको कर्पोरेट अफिस (सिटी स्क्वेयर बिल्डिङ्गको दोस्रो र तेस्रो तल्ला) मानिनेछ।

**प्रस्तावहरुः**

१. आ.ब. २०७६-७७ (१७ जुलाई २०१९ देखि १५ जुलाई २०२०) को नाफा नोक्सान विवरण, वासलात, नगद प्रवाह विवरण, आषाढ ३१, २०७७ सम्मको संचालक समिति तथा लेखा परिक्षकका प्रतिवेदनहरु प्राप्त गरि पारित गर्ने।

२. २०७७ साल श्रावण १ (१६ जुलाई २०२०) देखि शुरु हुने वर्षको लागि नयाँ लेखापरिक्षकको नियुक्ति गर्ने र पारिश्रमिक तोक्ने (टि.आर. उपाध्यायको चार्टर्ड अकाउन्टेन्ट्सलाई) लेखा परिक्षक समितिले नियुक्तिको लागि सिफारिस गरेको छ।

३. संचालक समितिको सिफारिस बमोजिम लाभांश स्विकृति गर्ने।

४. प्रबन्ध निर्देशकको पारिश्रमिकको बारेमा जानकारी गराउने।

५. युनिलिभर नेपाल लिमिटेडको व्यवसायिक सामाजिक उत्तरदायित्व अन्तर्गतको परियोजनाहरुको खर्चहरुलाई पारित गर्ने।

६. युनिलिभर नेपाल लिमिटेडको प्रबन्धपत्र र नियमावली संसोधन सम्बन्धि विशेष प्रस्ताव पारित गर्ने।

७. विविधः अध्यक्षको अनुमति अनुसार।

**रजिस्टर्ड कार्यालयः**
बासामाडी, हेटौडा-३
मकवानपुर, नेपाल।

**सञ्चालक समितिको आज्ञाले**
एलिना आचार्य
कम्पनी सचिव

**नोटहरू :**

१. वार्षिक साधारणसभामा छलफल गरिने विशेष व्यापार सम्बन्धी विस्तृत सारंशको नोट निज शेयरधनीहरु महानुभावहरुलाई विद्युतीय तथा अन्य माध्यम मार्फत उपलब्ध गराइने जानकारी गराइन्छ। सञ्चालक समितिले माथी उल्लेखित संख्या नं. ६ देखि ११ सम्मको विषयहरुलाई विशेष व्यवसायको रूपमा आगामी साधारण सभामा समावेश गर्ने निर्णय गरेको छ।

२. हालको कोभिड-१९ को महामारी फैलिएको अवस्थामा तथा नेपाल सरकारले समेत मितिः २०७७-०५-३१ को सूचनाद्वारा सार्वजनिक जमघटमा प्रतिबन्ध लगाएको कारणले यस वर्षको वार्षिक साधारणसभा भर्चुअल माध्यमद्वारा सञ्चालन गरिनेछ। यस कम्पनीको २७औं साधारणसभा कम्पनी रजिस्ट्रारको कार्यालय, नेपालसंग परामर्श लिई भर्चुअल कन्फ्रेन्स (लाइभ स्ट्रिमिङ्ग) द्वारा गराउने भएको छ। यस कम्पनीले सो सम्बन्धमा पहिले नै उक्त कार्यालयमा प्रतिनिधित्व गरिसकेको छ र विगतमा उपलब्ध गराइएको सबै सहयोगको अपेक्षा गर्दछ।

३. मिति १५ जुलाई २०२० मा समाप्त भएको आर्थिक वर्षको लागि वार्षिक साधारण-सभाको लागि सूचना तथा वार्षिक प्रतिवेदन निम्न लिन्कबाट डाउनलोड गर्न सकिनेछ, साथै नेपाल स्टक एक्सचेन्जको वेबसाइटमा समेत उपलब्ध गराइएको छ। उक्त सभामा सहभागी हुने तथा इ-भोटिङ्ग (e-voting) सम्बन्धी प्रकृयाको बारेमा जानकारी आगामी दिनहरुमा शेयरधनीको दर्ता गरेको इमेल ठेगानामा पठाइनेछ।

| २७औं वार्षिक साधारण सभाको सूचना | वार्षिक प्रतिवेदन २०१९-२० |
|---|---|
| | |

यदि तपाईं वार्षिक प्रतिवेदन खोल्न तथा पढ्न सक्षम हुनुभएन भने QR Code Scanner को प्रयोग गर्नुहोला र आवश्यक पीडीएफ रिडर सफ्टवेयर (PDF Reader Software) डाउनलोड गरी पुनः प्रयास गर्नुहोला।

४. कम्पनीको बुक क्लोज हुने मिति १२ नोभेम्बर, २०२० देखि १ डिसेम्बर सम्म रहेको छ।

५. अनलाइन सहभागिता मार्फत वार्षिक साधारण सभामा भाग लिन र मतदान गर्न हकदार सदस्यले उपस्थित हुन नसकेको खण्डमा निजको तर्फबाट मतदान गर्न प्रोक्सी नियुक्त गर्न सक्नेछ। प्रोक्सी फर्म तथा सोको प्रकृया सम्बन्धी जानकारी विद्युतिय माध्यमद्वारा निज शेयरधनीहरुको दर्ता गरिएको इमेल ठेगानामा पठाइनेछ।

६. आफनो इमेल ठेगाना कम्पनीसंग अद्यावधिक नगरेका तथा भौतिक रुपमा शेयर भएका शेयरधनीले शेयरधनीहरुलाई कम्पनीको ईमेल आईडी UNL.shareholderconnect@unilever.com मा आफ्नो इमेल अद्यावधिक गर्नुको साथसाथै आफ्नो नाम, ठेगाना सहितको अनुमति पत्र, आफ्नो प्यान प्रमाणपत्रको प्रतिलिपि, आफ्नो परिचय खुल्ने परिचयपत्रको प्रतिलिपि (जस्तैः ड्राईभिङ्ग लाईसेन्सको प्रतिलिपि, मतदान परिचय पत्रको प्रतिलिपि, राहदानीको प्रतिलिपि)। आफ्नो इमेल आईडी कम्पनीमा अद्यावधिक गराउने क्रममा केही समस्या आईपरेमा, शेयरधनी माहानुभावले कम्पनीको इमेल UNL.shareholderconnect@unilever.com मा सम्पर्क गर्न अनुरोध गर्दछौं।

७. शेयरधनी महानुभावहरुले साधारणसभा भिडियो कन्फ्रेन्सिङ्ग तथा OAVM को माध्यमबाट उपस्थित हुन सुविधा प्रदान गरिनेछ। उक्त सम्बन्धीको प्रक्रियाबारे विस्तृत जानकारी शेयरहोल्डर महानुभावहरुको दर्ता गरिएको इमेल ठेगाना मार्फत प्रेषण गरिनेछ।

८. मोबाइल तथा ट्याब्लेटद्वारा वा हटस्पट जडान गरी ल्यापटपको माध्यमबाट सहभागी हुने महानुभावहरुले नेटवर्कमा फ्लकचुएसनको कारणले अडियो तथा भिडियो मा समस्याको अनुभव गर्न सक्नुहुनेछ। त्यसकारण स्थिर वाइफाइ वा LAN जडान गरी प्रयोग गर्न सुझाव दिइन्छ।

९. भिडियो कन्फ्रेन्स तथा OAVM मार्फत वार्षिक साधारणसभामा उपस्थित हुने सदस्यहरुलाई कम्पनी ऐनको दफा ७३ अनुसारको कोरमको पूर्तिको प्रयोजनका निमित्त गणना गरिनेछ।

१०. सभा लाइभ स्ट्रिमिङ्गको माध्यमबाट हुन गइरहेको हुँदा नेटवर्कमा समस्याको कारण कुनै रोकावट नहोस् भन्ने ध्येयका साथ शेयरधनी महानुभावहरुलाई आफ्नो सुझाव तथा विचारहरु UNL.shareholderconnect@unilever.com मा आफ्नो हितग्राही खाता नम्बर, इमेल ठेगाना तथा मोबाइल नम्बरको साथ मितिः ७ मंसिर, २०७७ (२२ नोभेम्बर, २०२०), साँझ ५ बजे भित्र लेखी पठाउन अनुरोध गरिन्छ। उक्त समयभित्र प्राप्त भएका प्रश्नहरुमात्र सधारणसभामा छलफल गरिनेछ। उक्त समयभित्र शेयरधनी महानुभावहरुले आफ्नो प्रश्न तथा सुझावहरु ९८०१०५३६७४ मा फोन तथा म्यासेज गरी दर्ता गर्न सक्नुहुनेछ।

११. प्रचलित कम्पनी ऐन बमोजिम साधारणसभामा निज शेयरधनी महानुभावहरुले प्रस्तावनालाई पारित गर्नका निमित्त इ-भोटिङ (e-voting) को सुविधा उपलब्ध गराइएको छ भनि कम्पनीले खुसीसाथ जानकारी गराउन चाहन्छ।

१२. मिति २७ कार्तिक २०७७ (१२ नोभेम्बर २०२०) - बुक क्लोजर शुरु हुन आगाडि (कट् अफ डेट) को मिति सम्म शेयरधनी रजिस्टर वा हितग्राही खाता रहेका शेयरधनीको सूचीमा नाम रहेका महानुभावहरु साधारणसभाको सूचनामा राखिएको प्रस्तावहरुमा मत दिन योग्य हुनुहुनेछ। कट-अफको मिति सम्म रेजिस्टरमा नाम सामेल नभएका महानुभावहरुले यस सूचनालाई जानकारीको रुपमा लिन सक्नुहुनेछ।

१३. उक्त सूचनामा लेखिएअनुसार शेयरधनीहरुको लागि आफ्नो ईमेल आईडी अद्यावधिक वा दर्ता गर्ने तथा वार्षिक साधारण सभामा सहभागी हुने आवश्यक प्रक्रिया निम्नानुसार रहेको छ :

| आफ्नो ईमेल आईडी अद्यावधिक वा दर्ता गर्ने प्रक्रिया | वार्षिक साधारण सभामा उपस्थित हुने प्रक्रिया |
|---|---|
| हालसम्म आफ्नो ईमेल आईडी कम्पनीमा अद्यावधिक/दर्ता नगर्नु भएका शेयरधनीहरुलाई कम्पनीको ईमेल आईडी UNL.shareholderconnect@unilever.com मा आफ्नो ईमेल अद्यावधिक गर्नुको साथसाथै आफ्नो नाम, ठेगाना सहितको अनुमति पत्र, आफ्नो प्यान प्रमाणपत्रको प्रतिलिपि, आफ्नो परिचय खुल्ने परिचयपत्रको प्रतिलिपि (जस्तैः ड्राईभिङ्ग लाईसेन्सको प्रतिलिपि, मतदान परिचय पत्रको प्रतिलिपि, राहदानीको प्रतिलिपि)। आफ्नो इमेल आईडी कम्पनीमा अद्यावधिक गराउने क्रममा केही समस्या आईपरेमा, शेयरधनी माहानुभावले कम्पनीको इमेल UNL.shareholderconnect@unilever.com मा सम्पर्क गर्न अनुरोध गर्दछौं। | आफ्नो ईमेल आईडी कम्पनीमा अद्यावधिक/दर्ता गर्नु भएका शेयरधनीहरुलाई साधारण सभामा अभौतिक रुपमा उपस्थित हुनका निमित्त आवश्यक पर्ने निम्न विवरण दिईनेछः<br>1) USER ID / PASSWORD<br>अनलाईन प्लेटफर्ममा सम्मिलित हुन कुनै प्रकारको समस्या भएमा कम्पनीले जानकारी गराएको फोन नम्बरमा सम्पर्क गर्न सक्नुहुनेछ। |

मितिः ८ नोभेम्बर २०२०

**रजिस्टर्ड कार्यालयः**
बासामाडी, हेटौडा-३
मकवानपुर, नेपाल

**युनिलिभर नेपालको तर्फबाटः**
एलिना आचार्य
कम्पनी सचिव